नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(प्रशासन शाखा)

पत्र संख्या : २०७८/७९
चलानी नं: ६४६

सिंहदरबार, काठमाडौं
मिति २०७९/०१/०७

श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं।
श्री पुरातत्व विभाग, रामशाहपथ, काठमाडौं।
श्री राष्ट्रिय अभिलेखालय, रामशाहपथ, काठमाडौं।
श्री नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, काठमाडौं।
श्री भाषा आयोग, संखमूल, काठमाडौं।
श्री नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी ,काठमाडौं।
श्री नेपाल संगित तथा नाट्य प्रज्ञा प्रतिष्ठान, काठमाडौं।
श्री नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
श्री लुम्बिनी विकास कोष, पवित्र उद्यान, लुम्बिनी।
श्री पशुपति क्षेत्र विकास कोष, देवपत्तन, काठमाडौं।
श्री नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहल, काठमाडौं।
श्री नेपाल वायुसेवा निगम, कान्तिपथ, काठमाडौं।
श्री संस्कृतिक संस्थान, जमल, काठमाडौं
श्री नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाडौं।
श्री नेपाल पर्यटन तथा होटल व्वस्थापन प्रतिष्ठान,रविभवन ।
श्री नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान, थापागाउँ।
श्री तारा गाउँ विकास समिति, काठमाडौं।
श्री बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति, पुल्चोक।
श्री बृहत्तर बराह क्षेत्र विकास समिति, सुनसरी।
श्री देवघाट क्षेत्र विकास समिति, तनहुँ।
श्री केचना कञ्चनजंगा पर्यटन विकास समिति, इलाम।
श्री आदिकवि भानुक्त जन्मस्थल विकास समिति,तनहुँ।
श्री हलेशी महादेवस्थान विकास समिति, खोटाङ्।
श्री बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, धनुषा।
श्री पाथिभरा क्षेत्र विकास समिति, ताप्लेजुङ्।
श्री नेपाल पञ्चाङ्ग निर्णायक समिति, काठमाडौं।
श्री नारायणहिटी दरबार संग्रहालय गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति, दरबारमार्ग, काठमाडौं।

विषयः <u>निर्णय कार्यान्वयन सम्बन्धमा।</u>

अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको च.न, ७४६ मिति २०७८/०१/०४ को पत्रमार्फत सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने मापदण्ड, २०७८ को दफा १८ बमोजिम मापदण्डको पालनाको सम्बन्धमा अनुगमनका लागि श्रीमान् मुख्य सचिवज्यूको संयोजकत्वमा गठित उच्चस्तरीय अनुगमन समितिको बैठकको निर्णय यसै पत्रसाथ संलग्न गरी आवश्यक कार्यान्वयनको लागि पठाईएको बेहोरा निर्देशानुसार अनुरोध छ।

प्रविनहाङ योङहाङ
शाखा अधिकृत

निर्णयहरु:

१. नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट स्वीकृत सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड, २०७८ को पालनाको सम्बन्धमा समीक्षा गरियो। उक्त मापदण्डलाई सवै मन्त्रालय, आयोग र निकायहरुले पूर्ण रुपमा पालना गर्ने।

२. मापदण्डको दफा ३ को प्रावधान बमोजिम आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७८ विपरित कुनै पनि कार्यक्रमलाई स्रोत सहमति नमाग्ने, नदिने व्यवस्थाको पूर्ण पालना गर्ने।

३. चालु आर्थिक बर्षको ९ महिना सम्ममा पनि न्यून मात्र पुँजीगत खर्च भएकाले मापदण्डको दफा ४ बमोजिम लक्ष्य अनुरुप पुँजीगत खर्च वढाउन सवै निकायले अधिकतम पहल गर्ने।

४. मापदण्डको दफा ५ बमोजिम चालु आर्थिक बर्षमा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) नगर्ने र संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गर्न पूर्व स्वीकृतिका लागि मन्त्रिपरिषद्‌मा प्रस्ताव नपठाउने।

५. पत्रपत्रिका खरिद, छपाई, गोष्ठी, सेमिनार, आन्तरिक भ्रमण लगायतको खर्चमा मापदण्डको दफा ६, ७ र ८ बमोजिम मितव्ययिता कायम गरी नियन्त्रण गर्ने।

६. मापदण्डको दफा ८ मा व्यवस्था गरिए बमोजिम नेपाल सरकारको तर्फबाट अनिवार्य रुपमा प्रतिनिधित्व गर्ने वाहेक नेपाल सरकारको खर्चमा हुने अन्य वैदेशिक भ्रमणमा रोक लगाउने।

७. आगामी आर्थिक बर्ष २०७९/८० देखि नेपाल सरकारको केन्द्रीय निकायहरुमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागु गर्न आवश्यक तयारी गर्ने।

८. नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७८ चैत्र ३० गतेको निर्णय बमोजिम ईन्धन खर्चमा तत्काल लागुहुने गरी २० प्रतिशतले कटौती गर्ने।

२०७८/१२/३०

मुख्य सचिव